# HISSAN CENTRAL EXAMINATION - 2080 (2024)

**Grade : XII** **F.M.: 75**
**Time : 3 Hrs**

**ECONOMICS (3041 M1)**

परीक्षार्थीले सकेसम्म आफ्नै शब्दमा मौलिक उत्तर दिनुपर्ने छ। किनारामा दिइएका अङ्कले पूर्णाङ्कलाई जनाउँछन्। *(The candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.)*

## समूह क (GROUP A)

**अतिसङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू (Very Short Answer Questions)**

**सबै प्रश्नहरूको उत्तर दिनुहोस्। (Answer All Questions)** **[11 × 1 = 11]**

1. दुर्लभतालाई परिभाषित गर्नुहोस्।
   Define scarcity.
2. यदि कुनै एउटा फर्मले पाँच एकाइ अण्डाको बिक्रीबाट कुल आय रु. 60 प्राप्त गर्दछ भने सूत्र प्रयोग गरी उक्त फर्मको औसत आय पत्ता लगाउनुहोस्।
   If a firm receives Rs. 60 as total revenue from the sale of five units of eggs, then find the average revenue of the firm using the formula.
3. विदेशी विनिमय दर भनेको के हो ?
   What is foreign exchange rate?
4. अन्तर्राष्ट्रिय व्यापारको तुलनात्मक लागत सिद्धान्तको मुख्य सार एक वाक्यमा लेख्नुहोस्।
   Write the main essence of comparative cost theory of international trade in one sentence.
5. निरपेक्ष गरिबी भनेको के हो ?
   What is absolute poverty?
6. संयुक्त राष्ट्रसंघका दिगो विकासका 17 लक्ष्यहरूमध्ये पहिलो र आठौं लक्ष्य उल्लेख गर्नुहोस्।
   Mention the first and eighth goals of the United Nation's 17 SDGs.
7. भूपरिवेष्टित देशका रूपमा नेपालका लागि विश्व व्यापार संगठनको सदस्यता किन महत्त्वपूर्ण छ ? एउटा कारण दिनुहोस्।
   Why is WTO membership important for Nepal as a landlocked country? Provide one reason.
8. नेपालको विप्रेषण आप्रवाहलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्ने कुनै दुई तरिका सुझाव दिनुहोस्।
   Suggest any two ways by which the remittance inflow of Nepal can be utilized in the productive sector.
9. प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने कुनै दुईओटा विधि उल्लेख गर्नुहोस्।
   Mention any two methods of collecting primary data.
10. यदि तृतीय चतुर्थक र पहिलो चतुर्थकबिचको फरक 18 र तिनीहरूको योगफल 50 भए चतुर्थक विचलनको गुणाङ्क पत्ता लगाउनुहोस्।
    If the difference between the third quartile and the first quartile is 18, and their sum is 50, find the coefficient of quartile deviation.
11. ल्यास्पेयर विधि र पाश्चे विधि प्रयोग गरी मूल्य सूचकाङ्क गणना गर्दा नतिजा फरक आउनुको कारण के हो ?
    What is the reason for the difference in the results when calculating the price index using the Laspeyre's method and the Paasche's method?

## समूह ख (GROUP B)

**सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू (Short Answer Questions)**

**सबै प्रश्नहरूको उत्तर दिनुहोस्। (Answer All Questions.)** **[8 × 5 = 40]**

12. समाजवादी अर्थतन्त्र भनेको के हो ? यसका विशेषताहरू व्याख्या गर्नुहोस्।
    What is socialist economy? Explain its features. **[1+4]**

    **अथवा (OR)**

    साधनहरूको बाँडफाँड भनेको के हो ? यससँग सम्बन्धित समस्याहरू व्याख्या गर्नुहोस्।
    What is the allocation of resources? Explain the problems related with it. **[1+4]**
13. ज्यालाको जीवननिर्वाहको सिद्धान्त व्याख्या गर्नुहोस्।
    Explain the Subsistence Theory of Wages.
14. दिइएको तालिकाको आधारमा तलका प्रश्नहरूको उत्तर दिनुहोस्।
    Solve the following questions based on the given table. **[2+3]**

| वस्तुको उत्पादन एकाइ (Q) | कुल स्थिर लागत (रु.मा) [Total Fixed Cost (in Rs.)] | कुल परिर्वनशील लागत (रु.मा) [Total Variable Cost (in Rs.)] | कुल लागत (रु.मा) [Total Cost (in Rs.)] |
|---|---|---|---|
| 0 | | | 10 |
| 1 | | 30 | |
| 2 | | | 50 |
| 3 | 10 | 45 | |
| 4 | | 55 | 65 |
| 5 | | 75 | 85 |
| 6 | | 120 | 130 |

i. दिइएको तालिका पूरा गर्नुहोस्।
   Complete the given table.

ii. पूरा गरिएको तालिकाबाट कुल स्थिर लागत, कुल परिर्वनशील लागत र कुल लागत वक्ररेखाहरू एउटै रेखाचित्रमा रचना गर्नुहोस्।
   Draw total fixed cost, total variable cost and total cost curves in a single diagram from the completed table.

15. कुनै एउटा फर्मको कुल आय फलन TR=50Q-2Q$^2$ दिइएको छ। उक्त फर्मले वस्तुको 10 एकाइ बिक्री गर्दा प्राप्त हुने कुल आय, औसत आय र सीमान्त आय गणना गर्नुहोस्। यसरी गणना गरिएको औसत आय र सीमान्त आयको आधारमा फर्मले पूर्ण प्रतिस्पर्धाको बजारमा रहेर कार्य सञ्चालन गरेको छ वा छैन भन्ने सम्बन्धमा कारणसहित निष्कर्ष निकाल्नुहोस्।
The firm's total revenue function is given by TR=50Q-2Q$^2$. Calculate the total revenue, average revenue, and marginal revenue when it sells 10 units of output. Based on the average revenue and marginal revenue thus calculated, draw a conclusion as to whether the firm is operating in a perfectly competitive market, by providing the reason for your conclusion.
**[1+1+1+2]**

16. बाणिज्य बैङ्कका कुनै पाँचओटा कार्यहरू व्याख्या गर्नुहोस्।
Explain any five functions of commercial banks.

17. नेपालमा आर्थिक असमानता न्यूनीकरणका लागि भएका प्रयासहरू लेखाजोखा गर्नुहोस्।
Evaluate the efforts that have been made to reduce economic inequality in Nepal.

18. नेपालको वैदेशिक व्यापारसँग सम्बन्धित समस्याहरू समाधान गर्न कुनै पाँचओटा उपाय सुझाउनुहोस्।
Suggest any five measures to solve the problems associated with Nepal's foreign trade.

19. एउटै उद्योग अन्तर्गतका दुईओटा फरक फर्महरू A र B मा काम गर्ने कामदारहरूको मासिक ज्यालाको मध्यक र भेरियन्स तालिकामा प्रस्तुत गरिएको छ। उपलब्ध गराइएको जानकारीका आधारमा तल सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्।
The mean and variance of monthly wages for employees working in two distinct firms, A and B, within the same industry, are presented in the table. Solve the following questions based on the information provided. **[2+2+1]**

| फर्महरु (Firms) | मासिक ज्यालाको मध्यक (Mean of Monthly Wages) | मासिक ज्यालाको भेरियन्स (Variance of Monthly Wages) |
|---|---|---|
| A | 40 | 100 |
| B | 60 | 144 |

i. हरेक फर्मको मासिक ज्यालाको स्तरीय विचलन गणना गर्नुहोस्।
Calculate the standard deviation of monthly wages for each firm.

ii. दुवै फर्मको मासिक ज्यालाको विचरणको गुणाङ्क गणना गर्नुहोस्।
Calculate the coefficient of variation for the monthly wages of both firms.

iii. कुन फर्मको मासिक ज्यालामा बढी एकरूपता छ र किन ? कारण दिनुहोस्।
Which firm's monthly wage is more consistent and why? Give reason.

**अथवा (OR)**

दिइएको आँकडाबाट वि.सं. 2075 लाई आधार वर्ष मानेर वि.सं. 2080 को लागि पाश्चेको विधि प्रयोग गरी मूल्य सूचकाङ्क निर्माण गर्नुहोस् र नतिजाको व्याख्या गर्नुहोस्।
Construct the Price Index for the year BS 2080, using BS 2075 as the base year, employing Paasche's method based on the provided data,and interpret the result. **[4+1]**

| वस्तुका प्रकार (Types of Goods) | वि.सं. (B.S.) 2075 | | वि.सं. (B.S.) 2080 | |
|---|---|---|---|---|
| | प्रति के.जी. मूल्य रु.मा (Price per Kg.in Rs.) | वस्तुको परिमाण के..जी.मा (Quantity of goods in Kg.) | प्रति के.जी. मूल्य रु. मा (Price per Kg. in Rs.) | वस्तुको परिमाण के.जी.मा (Quantity of goods in Kg.) |
| A | 2 | 8 | 4 | 10 |
| B | 4 | 5 | 5 | 12 |
| C | 2 | 7 | 3 | 8 |
| D | 3 | 10 | 8 | 16 |

## समूह ग (GROUP C)

**लामो उत्तरात्मक प्रश्नहरू (Long Answer Questions)**

**सबै प्रश्नहरूको उत्तर दिनुहोस्। (Answer All Questions.)** **[3 × 8 = 24]**

20. पूर्ण प्रतिस्पर्धाको बजारमा सीमान्त आय - सिमान्त लागत विधिद्वारा अल्पकालमा फर्मको सन्तुलित मूल्य र उत्पादन कसरी निर्धारण हुन्छ ? रेखाचित्रद्वारा व्याख्या गर्नुहोस्।
How equilibrium price and output are determined in the short-run by a firm using MR-MC approach under perfect competition market? Explain with the help of diagram.

21. नेपाल जस्तो अति कम विकसित देशका लागि सरकारी वित्त किन महत्त्वपूर्ण हुन्छ ? कारणहरु दिनुहोस्।
Why is government finance important for a least developed country like Nepal? Provide reasons.

22. छ दशकभन्दा बढी योजनाबद्ध विकास प्रयासका बावजुद नेपाल अझै पनि अति कम विकसित मुलुकहरूको समूहमा रहेको छ। यस अवस्थाका संभावित कारणहरूको खोजी गरी प्रस्तुत गर्नुहोस्।
Despite more than six decades of planned development efforts, Nepal still remains in the group of the least developed countries. Explore and present possible reasons for this situation.

**अथवा (OR)**

दिगो विकास लक्ष्यहरूमध्येको एउटा लक्ष्य शून्य भोकमरीलाई साकार पार्न नेपालले हालसम्म गरेको प्रगतिको मूल्याङ्कन गर्नुहोस्।
Assess Nepal's progress so far in realizing zero hunger as one of the sustainable development goals.

**THE END**